# तानसेन नगरपालिका कार्यालय
# तानसेन,पाल्पा

**सौर्य सडक बत्ती जडान सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति : **२०७३ वैसाख २६ गते**

यस तानेसन नगरपालिका क्षेत्रमा वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र र तानसेन नगरपालिकाको संयुक्त लगानीमा शहरी सौर्य उर्जा जडान गर्न बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र खुमलटार, ललितपुरमा सुचिकृत कम्पनीहरुबाट सौर्य सडक बत्ती जडान गर्न निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः-**

१. सिलवन्दी दरभाउपत्र फारम रु १०००।–(पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म वा **मिति २०७३ जेठ ९** गते भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. खरिद भएको सिलवन्दी दरभाउपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नाम ठेगाना र ठेक्का नं स्पष्ट उल्लेख सहित सिलवन्दी गरी यस कार्यालयमा मिति **२०७३ जेठ १० गते** दिनको १२ बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. सिलवन्दी दरभाउपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउमा सिलवन्दी दरभाउपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको **श्री** राष्ट्रिय बाणिज्य बैक,तानसेन पाल्पा, को धरौटी **खाता नं. ३०३०३०३००३०११** खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ ।

५. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको **श्री** राष्ट्रिय बाणिज्य बैक,तानसेन पाल्पा, को धरौटी **खाता नं. ३०३०३०३००३०११** खातामा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२ वाह्र महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

६. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । सिलवन्दी दरभाउपत्र फारमको प्रत्येक पानामा सम्वन्धीत ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

७. एक फर्मको नाममा खरिद गरिएको सिलवन्दी दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

९. सिलवन्दी दरभाउपत्र पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

१०. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ । अन्य कुराहरु सिलवन्दी दरभाउपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

११. बोलपत्र दाताले नेपाल सरकारको कानून बमोजिम लाग्ने कर भन्सार शुल्क स्वयं ले तिर्नु पर्नेछ तथा कार्यालयबाट कर छुटको लागि कुनै सिफारिस गर्ने छैन ।

१२. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

| सिलवन्दी दरभाउपत्र नं. | आयोजनाको नाम | ल.ई. रकम (मु.अ.कर सहित) | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| २/२०७२-०७३ | सौर्य सडक बत्ती जडान काय | १२१५८४०। | ३०४००। | १,०००।- | |

कार्यकारी अधिकृत